केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं
फोन : ४४११४०७
फ्याक्स : ४४१४५५२
E-mail : <nrbbfirdppd@nrb.org.np>
Web Site : www.nrb.org.np
पोष्ट बक्स : ७३

# नेपाल राष्ट्र बैंक
## बैंक तथा वित्तीय संस्था नियमन विभाग

पत्र संख्याः बै.वि.नि.वि./नीति/परिपत्र/कखगघ/४/०७७/७८

मितिः २०७७/०६/२७

**ईजाजतपत्रप्राप्त "क", "ख", "ग" र "घ "बर्गका बैंक तथा वित्तीय संस्थाहरु,**

महाशय,

नेपाल सरकार (मन्त्रिपरिषद) को मिति २०७७/०६/०८ को निर्णयानुसार सहुलियतपूर्ण कर्जाका लागि ब्याज अनुदान सम्बन्धी एकीकृत कार्यविधि, २०७५ मा संशोधन (तेश्रो संशोधन, २०७७) भएकोले यसैसाथ संलग्न संशोधित कार्यविधि बमोजिम गर्नु गराउनु हुन नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ७९ ले दिएको अधिकार प्रयोग गरी यो निर्देशन जारी गरिएको छ ।

भवदीय,

(देव कुमार ढकाल)
कार्यकारी निर्देशक

**बोधार्थ :**

(१) श्री नेपाल राष्ट्र बैंक, गभर्नरको कार्यालय ।
(२) श्री नेपाल राष्ट्र बैंक, डेपुटी गभर्नरको कार्यालय ।
(३) श्री नेपाल सरकार, अर्थ मन्त्रालय, वित्तीय क्षेत्र व्यवस्थापन तथा संस्थान समन्वय महाशाखा, सिंहदरबार ।
(४) श्री नेपाल राष्ट्र बैंक, बैंक सुपरिवेक्षण विभाग ।
(५) श्री नेपाल राष्ट्र बैंक, विकास बैंक सुपरिवेक्षण विभाग ।
(६) श्री नेपाल राष्ट्र बैंक, वित्त कम्पनी सुपरिवेक्षण विभाग ।
(७) श्री लघुवित्त संस्था सुपरिवेक्षण विभाग ।
(८) श्री नेपाल राष्ट्र बैंक, विदेशी विनिमय व्यवस्थापन विभाग ।
(९) श्री नेपाल राष्ट्र बैंक, आर्थिक अनुसन्धान विभाग ।
(१०) श्री नेपाल राष्ट्र बैंक, कानुन महाशाखा ।
(११)श्री नेपाल बैंकर्स संघ, सेन्ट्रल बिजनेश पार्क, थापाथली ।
(१२)श्री डेभलपमेण्ट बैंकर्स एसोसिएसन, अनामनगर ।
(१३)श्री नेपाल वित्तीय संस्था संघ, डिल्लीबजार ।
(१४)श्री नेपाल लघुवित्त बैंकर्स संघ

# सहुलियतपूर्ण कर्जाका लागि ब्याज अनुदान सम्बन्धी
# एकीकृत कार्यविधि, २०७५
## (तेस्रो संशोधन सहित)

# विषय-सूची

**पेज नं.**


| | | |
|---|---|---|
| १. | परिच्छेद १ : प्रारम्भिक | १ |
| २. | परिच्छेद २ : कर्जाका प्रकार, सीमा, भुक्तानी, अवधि, ब्याजदर तथा शर्त | ४ |
| ३. | परिच्छेद ३ : धितो, कर्जा सुरक्षण तथा व्यवसायको बीमा सम्बन्धी व्यवस्था | ६ |
| ४. | परिच्छेद ४ : कर्जाका लागि योग्यता एवम् शर्त सम्बन्धी व्यवस्था | ११ |
| ५. | परिच्छेद ५ : कर्जाका लागि आवश्यक कागजात, स्व:घोषणा तथा कर्जा निर्णय सम्बन्धी व्यवस्था | १६ |
| ६. | परिच्छेद ६ : ब्याज, बीमा प्रिमियम र सुरक्षण शुल्क अनुदान, शर्त तथा वितरण प्रक्रिया सम्बन्धी व्यवस्था | १८ |
| ७. | परिच्छेद ७ : सहुलियतपूर्ण कर्जा प्रवाह तथा ब्याज अनुदान वितरणसँग सम्बन्धित निकायहरुको काम, कर्तव्य र अधिकार | २१ |
| ८. | परिच्छेद ७क : केन्द्रीय निर्देशन समिति | २५ |
| ९. | परिच्छेद ८ : समन्वय तथा अनुगमन समिति | २७ |
| १०. | परिच्छेद ९ : कारबाही सम्बन्धी व्यवस्था | २९ |
| ११. | परिच्छेद १० : विविध | २९ |
| १२. | अनुसूची १ (दफा २ सँग सम्बन्धित) | ३२ |

## सहुलियतपूर्ण कर्जाका लागि ब्याज अनुदान सम्बन्धी
## एकीकृत कार्यविधि, २०७५

**(तेस्रो संशोधन सहित)**

संशोधन

| | |
|---|---|
| १. पहिलो संशोधन | २०७६/०१/०५ |
| २. दोस्रो संशोधन | २०७६/०७/२९ |
| ३. तेस्रो संशोधन | २०७७/०६/०८ |

**प्रस्तावना**ः कृषि तथा पशुपन्छीजन्य क्षेत्रको व्यवसाय प्रवर्द्धन गरी उत्पादन एवम् रोजगारी अभिवृद्धि गर्न, शिक्षित वेरोजगार युवाहरूलाई मुलुकभित्र रोजगारीका अवसरहरू सिर्जना गर्न, विदेशबाट फर्केका युवाहरूको विदेशमा आर्जन गरेको सिप र व्यावसायिक दक्षता उपयोग गर्दै उनीहरुलाई स्वरोजगार बनाउन, महिला उद्यमशील क्षमताको विकास गर्न, दलित समुदायको परम्परागत सिप र पेशालाई आधुनिकीकरण एवम् प्रवर्द्धन गरी उद्यमशीलता विकास गर्न, आर्थिक रूपमा विपन्न, सीमान्तकृत समुदाय तथा लक्षित वर्गका विद्यार्थीहरूलाई उच्च र प्राविधिक तथा व्यावसायिक शिक्षा अध्ययनको लागि शैक्षिक ऋण उपलब्ध गराउन, लघु बीमा प्रिमियममा अनुदान दिन तथा भूकम्प पीडितहरूको निजी आवास निर्माणका लागि समेत सहुलियतपूर्ण कर्जा उपलब्धताको लागि ब्याज अनुदान उपलव्ध गराउन वाञ्छनीय भएकोले,

नेपाल सरकार (मन्त्रिपरिषद्) ले देहायको कार्यविधि बनाएको छ।

परिच्छेद १

### प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम **"सहुलियतपूर्ण कर्जाका लागि ब्याज अनुदान सम्बन्धी एकीकृत कार्यविधि, २०७५"** रहेको छ।

(२) यो कार्यविधि नेपाल सरकार (मन्त्रिपरिषद्) बाट स्वीकृत भएको मितिदेखि प्रारम्भ हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा:-

(क) "अनुदान सोधभर्ना खाता" भन्नाले यस कार्यविधि बमोजिम अनुदान स्वरूप प्रदान गरिने ब्याज, कर्जा सुरक्षण शुल्क तथा बीमा प्रिमियम रकम उपलब्ध गराउने प्रयोजनको लागि नेपाल सरकारले नेपाल राष्ट्र बैङ्कबाट सञ्चालन गर्न खोलिएको खाता सम्झनु पर्छ।

(ख) "उच्च र प्राविधिक तथा व्यावसायिक शिक्षा कर्जा" भन्नाले माध्यमिक शिक्षा वा सो सरह उत्तीर्ण गरी २५ वर्ष उमेर ननाघेको नेपाली नागरिकलाई प्रवाह गरिने कर्जा सम्झनु पर्छ।

(ग) "कम्पनी" भन्नाले कम्पनी ऐन, २०६३ बमोजिम स्थापित कम्पनी सम्झनु पर्छ।

(घ) "दलित समुदाय" भन्नाले गाउँपालिका वा नगरपालिकाले दलित जात भनी सिफारिस गरेको जनजाति सम्झनु पर्छ।

(ङ) "दलित समुदाय व्यवसाय विकास कर्जा" भन्नाले दलित समुदायलाई समूहमा वा एकल रुपमा प्रवाह गरिने कर्जा सम्झनु पर्छ।

(च) "निवेदक वा ऋणी" भन्नाले अनसूची-१ मा उल्लेखित व्यवसाय सञ्चालन गरिरहेका वा गर्ने व्यक्ति, समूह, संस्था वा कम्पनी, उच्च र प्राविधिक तथा व्यावसायिक शिक्षा अध्ययनका लागि कर्जा लिन इच्छुक विद्यार्थी तथा भूकम्प पीडित सम्झनु पर्छ।

(छ) "बैङ्क तथा वित्तीय संस्था" भन्नाले नेपाल राष्ट्र बैङ्कबाट इजाजत पत्र प्राप्त 'क', 'ख, 'ग' र 'घ' वर्गका बैङ्क तथा वित्तीय संस्था सम्झनु पर्छ।

(ज) "भण्डारण" भन्नाले स्वदेशमा कुनै पनि प्राथमिक कृषि उपज (तरकारी, फलफूल, जडिबुटी, दुग्ध पदार्थ तथा माछामासु आदि) उत्पादन गरी भण्डारण गर्ने कार्य सम्झनु पर्छ र सो शब्दले स्वदेशमा यस्ता प्राथमिक कृषि उपज खरिद गरी भण्डारण गर्ने कार्य सम्झनु पर्छ ।

(झ) "भूकम्प पीडित" भन्नाले राष्ट्रिय पुनर्निर्माण प्राधिकरणसँग निजी आवास पुनर्निर्माण वा प्रवलीकरणका लागि हालसम्म सम्झौता गर्न नसकेको वा सम्झौता गरी पहिलो किस्ता रकम प्राप्त गरी दोस्रो किस्ता रकम प्राप्त नगरेका र आर्थिक अभावका कारण निजी आवास पुनर्निर्माण वा प्रवलीकरण गर्न नसकेको भूकम्प पीडित लाभग्राही सम्झनु पर्छ ।"

(ञ) "महिला उद्यमशीलता कर्जा" भन्नाले महिलालाई व्यक्तिगत वा सामूहिक रूपमा उद्यमशील बन्न प्रवाह हुने कर्जा सम्झनु पर्छ।

(ट) "वैदेशिक रोजगारीबाट फर्केका युवा परियोजना कर्जा" भन्नाले श्रम स्वीकृति प्राप्त गरी वा नगरी कुनै पनि देशमा कम्तीमा छ महिना काम गरी नेपाल फर्केका युवाहरुलाई व्यक्तिगत वा सामूहिकरुपमा प्रवाह हुने कर्जा सम्झनु पर्छ ।"

(ट.१) "कपडा उद्योगले लिएको कर्जा" भन्नाले धागोबाट कपडा उत्पादन गर्ने उद्योग सञ्चालनको लागि लिएको कर्जा सम्झनु पर्छ।"

(ठ) "विपन्न वर्ग कर्जा" भन्नाले नेपाल राष्ट्र बैङ्कले विपन्न वर्ग कर्जा भनी तोकेको कर्जालाई सम्झनु पर्छ।

(ड) "व्यवसाय वा उद्यम" भन्नाले यस कार्यविधिको अनुसूची-१ मा उल्लेख गरिएका व्यवसायमा श्रम तथा पूँजी लगानी गरी गरिएको कार्य सम्झनु पर्छ।

(ढ) “व्यावसायिक कृषि तथा पशुपन्छी कर्जा” भन्नाले व्यावसायिक रूपमा गरिएको कृषि तथा पशुपन्छीजन्य व्यवसायका लागि प्रवाह भएको वा हुने कर्जा सम्झनु पर्छ।

(ण) “समूह” भन्नाले फरक परिवारका कम्तीमा पाँच जना सदस्य १८ वर्ष उमेर पूरा भएका व्यक्तिहरु मिलेर गठन गरेको समूह सम्झनु पर्छ।

(त) “सहुलियतपूर्ण कर्जा” भन्नाले अनुसूची-१ मा उल्लिखित व्यवसायमा बैङ्क तथा वित्तीय संस्थाहरुबाट प्रवाह भएको वा हुने कर्जामा नेपाल सरकारले यस कार्यविधि बमोजिम ब्याज अनुदान सुविधा उपलब्ध गराउने कर्जा सम्झनु पर्छ।

(थ) “सामूहिक जमानी” भन्नाले समूहको सामूहिक उत्तरदायित्वमा प्रवाह गरेको कर्जा भुक्तानीको लागि समूहका सबै सदस्यले दिने संयुक्त जमानी सम्झनु पर्छ।

(द) “संस्था” भन्नाले प्रचलित कानून बमोजिम स्थापित फर्म, सहकारी संस्था, घरेलु उद्योग वा लघु उद्यमको रुपमा दर्ता भएको व्यवसाय सम्झनु पर्छ।

(ध) “शिक्षित युवा स्वरोजगार कर्जा” भन्नाले कम्तीमा स्नातक वा सो सरह उत्तीर्ण युवाहरूलाई यस कार्यविधि बमोजिम प्रवाह हुने कर्जा सम्झनु पर्छ।

(न) "युवा वर्ग स्वरोजगार कर्जा" भन्नाले माध्यमिक तहसम्म अध्ययन गरेका युवालाई यस कार्यविधि बमोजिम प्रवाह हुने कर्जा सम्झनु पर्छ।

## परिच्छेद २

## कर्जाका प्रकार, सीमा, भुक्तानी, अवधि, ब्याजदर तथा शर्त

३. **कर्जाका प्रकार र सीमा:** (१) यस कार्यविधि बमोजिम लक्षित ऋणीलाई ब्याज अनुदान प्राप्त हुने गरी बैङ्क तथा वित्तीय संस्थाहरुले देहाय बमोजिमका

सहुलियतपूर्ण कर्जा प्रवाह गर्नेछन् र यस्ता कर्जाको प्रति ऋणी अधिकतम सीमा देहाय बमोजिम हुनेछः-

(क) व्यावसायिक कृषि तथा पशुपन्छी कर्जा पाँच करोड रूपैयाँसम्म,

(ख) शिक्षित युवा स्वरोजगार कर्जा सात लाख रूपैयाँसम्म,

(ग) विदेशबाट फर्केका युवा परियोजना कर्जा दश लाख रूपैयाँसम्म,

(घ) महिला उद्यमशील कर्जा पन्ध्र लाख रूपैयाँसम्म,

(ङ) दलित समुदाय व्यवसाय विकास कर्जा दश लाख रूपैयाँसम्म,

(च) उच्च र प्राविधिक तथा व्यावसायिक शिक्षा कर्जा पाँच लाख रूपैयाँसम्म,

(छ) भूकम्प पीडितहरूको निजी आवास निर्माण कर्जा तीन लाख रूपैयाँसम्म,

(ज) कपडा उद्योग सञ्चालनको लागि रु. 5 करोड सम्म,

(झ) प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्‌बाट मान्यता प्राप्त संस्थाबाट लिइने तालिम आदिको लागि रु. २ लाख सम्म ।

(ञ) युवा वर्ग स्वरोजगार कर्जा पाँच लाख रुपैयाँसम्म।

(२) उपदफा (१) को खण्ड (क) बमोजिम प्रदान गरिने कर्जाको सीमा प्रति ऋणी पाँच करोड रुपैयाँ भन्दा बढी भएमा केन्द्रीय समन्वय तथा अनुगमन समिति समक्ष स्वीकृतिका लागि पेश गर्नु पर्नेछ। समितिले परियोजनाको आवश्यकता तथा औचित्यताको आधारमा उक्त सीमा भन्दा बढी पाँच करोड रुपैयाँसम्म कर्जा प्रवाह गर्न स्वीकृति दिन सक्नेछ ।

४. ब्याज अनुदान प्राप्त गर्ने अवधी : (१) यस कार्यविधि बमोजिम ब्याज अनुदान दिइने अवधी बढीमा पाँच वर्षको हुनेछ । यस्तो कर्जाको अवधी व्यवसायको प्रकृति अनुसार सम्बन्धित बैङ्क तथा वित्तीय संस्थाहरुले तोक्न सक्नेछन् ।

(२) यस्तो कर्जाको भुक्तानी प्रयोजनका लागि सम्बन्धित बैङ्क तथा वित्तीय संस्थाले कर्जाको प्रकार, रकम, उद्देश्य, व्यवसायको प्रकृति, प्रतिफलको अवधी र जोखिमको स्तर लगायतका आधारमा किस्ता भुक्तानी अवधि निर्धारण गर्न सक्नेछ।

५. **<u>ब्याजदर एवम् शर्त</u>:** (१) नेपाल सरकारले ब्याज अनुदान उपलब्ध गराउने कर्जामा सम्बन्धित बैङ्क तथा वित्तीय संस्थाले आफ्नो आधार दरमा दुई प्रतिशत विन्दु भन्दा बढी नहुने गरी ब्याज दर कायम गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको कर्जाको ब्याज, कर्जा सूचना शुल्क, ऋणीले ब्यहोर्नु पर्ने बीमा प्रिमियम र कर्जा सुरक्षण शुल्क भन्दा बाहेक अन्य कुनै पनि प्रकारको थप सेवा शुल्क लिन पाइने छैन।

## परिच्छेद ३

## <u>धितो, कर्जा सुरक्षण तथा व्यवसायको बीमा सम्बन्धी व्यवस्था</u>

६. **<u>धितो सम्बन्धी व्यवस्था</u>:** (१) बैङ्क तथा वित्तीय संस्थाहरूले व्यावसायिक कृषि तथा पशुपन्छी कर्जा प्रवाह गर्दा दश लाख रुपैयाँसम्म एकाघर परिवारका सदस्यको व्यक्तिगत जमानीका आधारमा र त्यस भन्दा बढी व्यावसायिक परियोजना धितोमा कर्जा प्रवाह गर्न सक्नेछन्। यस्तो कर्जा प्रवाह गर्दा परियोजनाको सम्भाव्यतालाई मुख्य आधारको रूपमा लिनु पर्नेछ।

(२) उच्च शिक्षा हासिल गरेका युवालाई प्रदान गरिने शिक्षित युवा स्वरोजगार कर्जाको लागि सम्बन्धित बैङ्क तथा वित्तीय संस्थाले निवेदकको सक्कल शैक्षिक प्रमाण पत्र धितो स्वरुप राख्नेछ।

(३) विदेशबाट फर्केका युवाहरुलाई उनीहरुमा रहेको ज्ञान, अनुभव, रुची तथा सिपसँग सम्बन्धित व्यवसाय सञ्चालन गर्न परियोजना धितोमा लिइ सम्बन्धित बैङ्क तथा वित्तीय संस्थाले वैदेशिक रोजगारीबाट फर्केका युवा परियोजना कर्जा प्रवाह गर्नेछ।

(४) बैङ्क तथा वित्तीय संस्थाहरुले महिला उद्यमशीलता विकासको लागि प्रदान गरिने महिला उद्यमशीलता कर्जा एकल वा सामूहिक जमानीमा उपलब्ध हुनेछ।

(५) बैङ्क तथा वित्तीय संस्थाहरुले दलित समुदायको परम्परागत सिप र पेशालाई आधुनिकीकरण एवम् प्रवर्द्धन गर्नका लागि प्रदान गरिने दलित समुदाय व्यवसाय विकास कर्जा एकल वा सामूहिक जमानीमा उपलब्ध हुनेछ।

(६) महिला उद्यमशीलता विकासको लागि प्रदान गरिने कर्जा, दश लाख रुपैयाँसम्मको व्यावसायिक कृषि तथा पशुपन्छी कर्जा र दलित समुदायलाई प्रदान गरिने कर्जा, युवा वर्ग स्वरोजगार कर्जाको सुरक्षण देहाय बमोजिम हुनेछ :-

(क) ऋणीले सञ्चालन गरेको उद्यम,

(ख) ऋणीको कर्जा सम्बन्धी कागजात,

(ग) सामूहिक जमानीको हकमा सो सम्बन्धी कागजात।

(७) बैङ्क तथा वित्तीय संस्थाहरुले भूकम्प पीडितहरूको निजी आवास निर्माण कर्जा सामूहिक वा धितो जमानीमा प्रवाह गर्नेछन् ।

**स्पष्टीकरण**: "यस उपदफाको प्रयोजनको लागि धितो भन्नाले भूकम्प पीडित निजी आवास पुनर्निर्माण वा प्रवलीकरण लाभग्राहीले निजी आवास निर्माण कर्जा लिइ निर्माण गर्ने वा गरेको घर तथा निजको वा निजको एकाघरको परिवारको सदस्यको नाममा रहेको अन्यत्र ऋण प्रयोजनका लागि धितोमा रहेको सो घरले चर्चेको जग्गा सम्झनु पर्छ।"

(८) सामूहिक जमानीमा प्रवाह भएको कर्जासँग सम्बन्धित समूहको कुनै सदस्य काबु बाहिरको परिस्थिति उत्पन्न भइ उक्त समूहमा आबद्ध रहिरहन नसक्ने स्थिति भएमा निजले आफ्नो हिस्सा बराबरको सावाँ तथा ब्याज स्वयं चुक्ता गर्ने वा समूहका बाँकी सदस्यहरुले बैङ्क तथा वित्तीय संस्थाबाट लिएको कर्जा नियमानुसार चुक्ता गर्ने थप प्रतिवद्धताको कागज गरी पेश गर्नु पर्नेछ।

(९) कपडा उद्योगलाई प्रदान गरिने कर्जाको हकमा धितो आवश्यक हुनेछ ।

(१०) प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषदबाट मान्यता प्राप्त संस्थाबाट लिने तालिम आदिको लागि एकाघर परिवारका सदस्यको व्यक्तिगत जमानीमा कर्जा उपलब्ध हुनेछ ।

(११) उच्च र प्राविधिक तथा व्यावसायिक शिक्षा कर्जा विद्यार्थीको एकाघर परिवारका सदस्यको व्यक्तिगत जमानीमा उपलब्ध हुनेछ ।

७. **कर्जा सुरक्षण सम्बन्धी व्यवस्था**: (१) बैङ्क तथा वित्तीय संस्थाहरूले व्यावसायिक कृषि तथा पशुपन्छी कर्जाको प्रचलित कानून बमोजिम सुरक्षण गर्नु पर्नेछ।

(२) व्यावसायिक कृषि तथा पशुपन्छी कर्जाको सुरक्षण सम्बन्धमा सम्बन्धित बैङ्क तथा वित्तीय संस्थाले प्रचलित कानून, नेपाल राष्ट्र बैङ्क र निक्षेप

तथा कर्जा सुरक्षण कोषको नियमन र निर्देशनको परिधि भित्र रही स्पष्ट नीति र प्रक्रिया बनाइ लागू गर्न सक्नेछ।

(३) यस कार्यविधि बमोजिम बैङ्क तथा वित्तीय संस्थाहरुले प्रवाह गर्ने वा गरेको दश लाख रुपैयाँ भन्दा बढीको व्यावसायिक कृषि तथा पशुपन्छी कर्जा बाहेक अन्य कर्जाको हकमा देहाय बमोजिम कर्जा सुरक्षण गर्नु पर्नेछः

(क) यस उपदफा बमोजिमका कर्जाको हकमा त्यस्तो कर्जा निक्षेप तथा कर्जा सुरक्षण कोषबाट अनिवार्य सुरक्षण गराउनु पर्नेछ। कोषले कर्जा सुरक्षण गराउँदा कर्जाको प्रकार, उद्देश्य, रकम तथा जोखिमको स्तर लगायतका आधारमा संक्षिप्त प्रक्रिया अवलम्बन गर्नु पर्नेछ। यसरी कर्जा सुरक्षण गर्दा सम्बन्धित बैङ्क तथा वित्तीय संस्थाले ५० प्रतिशत व्यहोर्नु पर्नेछ र बाँकी ५० प्रतिशत शुल्क नेपाल राष्ट्र बैङ्कमा रहेको अनुदान सोधभर्ना खाता मार्फत सम्वन्धित बैङ्क तथा वित्तीय संस्थालाई भुक्तानी सोधभर्ना गरिनेछ।

(ख) दफा ४ बमोजिमको अवधि समाप्त भएको छ महिना भित्र ऋणीले कर्जा चुक्ता नगरेमा दफा २२ बमोजिमको कारबाही प्रक्रिया पूरा गरी सम्बन्धित बैङ्क तथा वित्तीय संस्थाले निक्षेप तथा कर्जा सुरक्षण कोषमा दावी गर्नेछ। यसरी दावी हुन आएमा कोषले नियमानुसार भुक्तानी गर्नेछ।

८. **<u>व्यवसायको बीमा सम्बन्धी व्यवस्था</u>**: (१) बैङ्क तथा वित्तीय संस्थाहरूले व्यावसायिक कृषि तथा पशुपन्छी कर्जा अन्तर्गत व्यावसायिक परियोजना धितो लिइ कर्जा प्रवाह गर्दा परियोजनाको बीमा गर्नु पर्नेछ।

(२) व्यावसायिक कृषि तथा पशुपन्छी बीमा सम्बन्धमा सम्बन्धित बैङ्क तथा वित्तीय संस्थाले प्रचलित कानून, नेपाल राष्ट्र बैङ्क र बीमा समितिको नियमन र निर्देशनको परिधि भित्र रही स्पष्ट नीति र प्रक्रिया बनाइ लागू गर्न सक्नेछ।

(३) यस कार्यविधि बमोजिम बैङ्क तथा वित्तीय संस्थाहरुले प्रवाह गर्ने वा गरेको दश लाख रुपैयाँ भन्दा बढीको व्यावसायिक कृषि तथा पशुपन्छी कर्जा बाहेक अन्य कर्जाको हकमा देहाय बमोजिम परियोजना/व्यावसायिक बीमा गर्नु पर्नेछः

(क) यस उपदफा बमोजिमका कर्जासँग सम्बन्धित परियोजना/व्यवसायको अनिवार्य बीमा गर्नु पर्नेछ। बीमा कम्पनीले बीमा गराउँदा कर्जाको प्रकार, व्यवसायको प्रकृति, उद्देश्य, रकम तथा जोखिमको स्तर लगायतका आधारमा संक्षिप्त प्रक्रिया अवलम्बन गरी व्यवसायीसँग ५० प्रतिशत मात्र बीमा प्रिमियम लिइ बीमा गर्नु पर्नेछ। बाँकी ५० प्रतिशत बीमा प्रिमियम नेपाल राष्ट्र बैङ्कमा रहेको अनुदान सोधभर्ना खाताबाट बीमा समिति मार्फत सम्बन्धित बीमा कम्पनीलाई सोधभर्ना गरिनेछ।

(ख) खण्ड (क) बमोजिम बीमा गरिएको व्यवसायमा क्षति भई सोको क्षतिपूर्तिका लागि दावी पर्न आएमा सम्बन्धित बीमा कम्पनीले संक्षिप्त प्रक्रिया अवलम्बन गरी व्यवसायीलाई क्षतिपूर्ति उपलब्ध गराउनु पर्नेछ।

९. **<u>कारबाहीका लागि सिफारिस गर्न सक्ने</u>:** (१) ऋणीले दफा ४ बमोजिमको अवधि भित्र कर्जा चुक्ता नगरेमा सम्बन्धित बैङ्क तथा वित्तीय संस्थाले यस कार्यविधिको परिच्छेद–९ मा उल्लेख भए बमोजिमको कारबाहीका लागि सम्बन्धित निकायमा सिफारिस गर्न सक्नेछ।

(२) कर्जा प्रवाह गर्ने बैङ्क तथा वित्तीय संस्थाले यस्ता सुविधा रोक्का गर्न अनुरोध गरेमा सम्बन्धित निकायले त्यस्ता ऋणीको सुविधा रोक्का राख्नु पर्नेछ।

परिच्छेद ४

## कर्जाका लागि योग्यता एवम् शर्त सम्बन्धी व्यवस्था

१०. **योग्यता एवम् शर्त**: (१) यस कार्यविधि बमोजिम बैङ्क तथा वित्तीय संस्थाहरुले प्रवाह गर्ने कर्जा प्राप्त गर्न स्थायी लेखा नं (PAN) प्रमाण पत्र लिएको र कर्जा सूचना केन्द्रको कालोसूची एवम् परिच्छेद–९ अनुसारको कारबाहीमा नपरेको नेपाली नागरिकले देहाय बमोजिमको न्यूनतम योग्यता एवम् शर्त पूरा गरेको हुनु पर्नेछ:-

(क) **व्यावसायिक कृषि तथा पशुपन्छी कर्जा**:

(१) व्यक्तिको हकमा १८ वर्ष उमेर पूरा भएको,

(२) दशलाख भन्दा कम कर्जाको हकमा एकाघर परिवारका सदस्यको जमानी सम्बन्धी कागजात,

(३) दश लाख रुपैयाँ भन्दा बढीको कर्जाको लागि अनिवार्य रुपमा संस्था र एक करोड रुपैयाँ भन्दा बढीको कर्जाको लागि अनिवार्य रुपमा कम्पनी हुनुपर्ने,

(४) संस्था वा कम्पनीको हकमा नेपाली नागरिकको शतप्रतिशत शेयर स्वामित्व रहेको,

(५) उद्यम सञ्चालन तथा कर्जा उपयोग सम्बन्धी संक्षिप्त प्रस्ताव,

तर, दश लाख रुपैयाँ भन्दा बढीको कर्जाको लागि ऋणीको विस्तृत परियोजना प्रस्ताव,

(ख) **शिक्षित युवा स्वरोजगार कर्जा**:

(१) कम्तीमा स्नातक तह उत्तीर्ण भएको र ४० वर्ष उमेर ननाघेको,

(२) विदेशी विश्वविद्यालयबाट शैक्षिक योग्यता हासिल गरेकाको हकमा नेपालको कुनै विश्वविद्यालयबाट समकक्षता सम्बन्धमा प्रकाशित सार्वजनिक सूचीमा निज अध्ययन गरेको विश्वविद्यालय समावेश भएको,

(३) घरेलु तथा साना उद्योग कार्यालय/समिति, सिप विकास तालिम केन्द्र, प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् लगायतका सरकारी निकायहरुबाट कम्तिमा ७ दिनको उद्यम वा व्यवसाय गर्ने सिप विकास तालिम अनिवार्य रूपमा लिएको वा उक्त कर्जा स्वीकृत भएपछि त्यस्तो संस्थामा सिप विकास तालिम लिएको प्रमाण पेश गरेको,

तर व्यवसायसँग सम्बन्धित प्राविधिक बिषयमा स्नातक तह उत्तीर्ण गरी व्यवसाय सञ्चालन गर्ने व्यक्तिको हकमा तालिम अनिवार्य हुने छैन ।

(४) उद्यम सञ्चालन तथा कर्जा उपयोग सम्बन्धी संक्षिप्त प्रस्ताव,

**(ग) <u>वैदेशिक रोजगारीबाट फर्केका युवा परियोजना कर्जा</u>:**

(१) श्रम स्वीकृति प्राप्त गरी वा नगरी कुनै पनि देशमा कम्तीमा ६ महिना काम गरी स्वदेश फर्केको,

तर कुनै पनि देशको स्थायी बसोबासको स्वीकृति प्राप्त (PR/Green Card Holder) व्यक्तिलाई यस्तो कर्जा प्रदान गरिने छैन।

(२) उद्यम सञ्चालन तथा कर्जा उपयोग सम्बन्धी संक्षिप्त प्रस्ताव,

**(घ) <u>महिला उद्यमशीलता कर्जाः</u>**

(१) १८ वर्ष उमेर पूरा भएको महिला वा समूहको हकमा फरक परिवारका कम्तीमा पाँच जना १८ वर्ष उमेर पूरा भएका महिला,

(२) उद्यम सञ्चालन तथा कर्जा उपयोग सम्बन्धी संक्षिप्त प्रस्ताव,

(३) समूहको हकमा सामूहिक जमानी सम्बन्धी कागजात,

**(ङ) दलित समुदाय व्यवसाय विकास कर्जा:**

(१) दलित जात-जाति भित्रको १८ वर्ष उमेर पूरा भएको वा समूहको हकमा उक्त जात-जाति भित्रका फरक परिवारका कम्तीमा पाँच जना १८ वर्ष उमेर पूरा भएको,

(२) उद्यम सञ्चालन तथा कर्जा उपयोग सम्बन्धी संक्षिप्त प्रस्ताव,

(३) समूहको हकमा सामूहिक जमानी सम्बन्धी कागजात,

**(च) उच्च र प्राविधिक तथा व्यावसायिक शिक्षा कर्जा:**

(१) माध्यमिक शिक्षा वा सो सरह उत्तीर्ण गरी २५ वर्ष उमेर ननाघेको,

(२) आर्थिक रुपमा विपन्न, सीमान्तकृत समुदाय वा लक्षित वर्गको विद्यार्थी,

(३) स्वदेशको कुनै कलेज वा विश्वविद्यालयमा अध्ययन गरिरहेको वा गर्ने,

**(छ) भूकम्प पीडितहरूको निजी आवास निर्माण कर्जा:**

(१) नेपाल सरकारले निजी आवास अनुदान दिए बाहेक अरू संस्थागत अनुदान नपाएको,

(२) राष्ट्रिय पुनर्निर्माण प्राधिकरणसँग निजी आवास निर्माण गर्न सम्झौता गरी आर्थिक अभावका कारण हालसम्म आवास निर्माण कार्य शुरू गर्न नसकेका भूकम्प पीडित,

(३) ऋणी वा निजको परिवारको नाममा कुनै पनि स्थानमा बस्न योग्य घर नभएको,

(ज) कपडा उद्योगलाई दिइने कर्जा :

(१) कपडा उद्योगले यस अघि लिएका ऋणका हकमा मिति २०७५/०४/०१ गते कायम रहेको वा सो मिति पश्चात् लिएको ऋण रकममा मिति २०७५/०८/२४ गते देखि ५ प्रतिशत विन्दुका दरले ब्याज अनुदान प्रदान गरिनेछ ।

(२) यस्तो ब्याज अनुदान दिँदा व्यवसायको सञ्चालन अवस्था, रुग्ण भए पुनः सञ्चालनमा आउन सक्ने अवस्था र व्यावसायिक योजना समेतका आधारमा कर्जा दिने बैङ्कबाट सम्भाव्यताको सिफारिस गराउनु पर्नेछ ।

(३) सम्वत् २०७६ साल कार्तिक २९ गतेपछि लिएको ऋणको हकमा उद्योगको आवश्यकता हेरी बढीमा रु. ५ करोडसम्मको ऋणमा मात्र यस्तो अनुदान उपलब्ध गराइने छ । तर, यस्तो ऋण रकम उद्योग सञ्चालन कार्यको लागि नै उपयोग गर्नुपर्नेछ । यसरी उपयोग गरेको नपाइएमा सरकारी बाँकी सरह असूल उपर गरिनेछ ।त्यसरी असूल उपर गर्नुपर्ने सावाँ रकममा १५ प्रतिशत ब्याज समेत असूल गरिनेछ ।

(४) ऋण रकमको ब्याज बैङ्क तथा वित्तीय संस्थाले नेपाल राष्ट्र बैङ्कसँग सोधभर्ना माग गरेपछि उक्त बैङ्कमा रहेको सोधभर्ना खाताबाट सम्बन्धित बैङ्क तथा वित्तीय संस्थालाई सोधभर्ना रकम उपलव्ध गराइनेछ।

(५) यस्तो अनुदान प्राप्त गर्नका लागि उद्योगको स्वामित्व नेपाली नागरिकमा रहेको हुनु पर्नेछ।

(६) यस्तो अनुदान प्राप्त गर्नको लागि उद्योग मूल्य अभिबृद्धि करमा दर्ता भएको हुनु पर्नेछ।साथै उद्योगले ब्याज अनुदान दाबी गरेको अघिल्लो आर्थिक वर्षको आय विवरण/करचुक्ता प्रमाणपत्र पेश गरेको हुनुपर्नेछ ।

(झ) प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्बाट मान्यता प्राप्त संस्थाबाट लिने तालिम सम्बन्धी कर्जा :

(१) प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्बाट मान्यता प्राप्त संस्थामा भर्ना भएको कागजात,

(२) तालिम लिन चाहेको विषय खुल्ने कागजात/निवेदन,

(३) नेपाली नागरिक हुनुपर्ने ।

(ञ) <u>युवा वर्ग स्वरोजगार कर्जाः</u>

(१) माध्यमिक शिक्षा वा सो सरह उत्तीर्ण गरेको,

(२) सिप विकास उद्यमशीलता तालिम केन्द्र, घरेलु तथा साना उद्योग कार्यालय वा समिति, प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् लगायतका सरकारी निकायमध्ये कुनै निकायबाट कम्तीमा सात दिनको उद्यम वा व्यवसाय गर्ने सिप विकास र उद्यमशीलता तालिम अनिवार्य रूपमा लिएको वा उक्त कर्जा स्वीकृत भएपछि त्यस्तो संस्थामा सिप विकास तालिम लिएको प्रमाण पेश गरेको,

(३) उद्यम सञ्चालन तथा कर्जा उपयोग सम्बन्धी संक्षिप्त प्रस्ताव,

(४) समूहको हकमा सामूहिक जमानी सम्बन्धी कागजात।

(२) बैङ्क तथा वित्तीय संस्थाहरूले यस कार्यविधि बमोजिम कर्जा प्रवाह गर्दा भूकम्प पीडित, बाढी पीडित तथा विपद् प्रभावित नागरिकहरूलाई पहिलो प्राथमिकता दिनुपर्नेछ।

(३) बैङ्क तथा वित्तीय संस्थाहरूले यस कार्यविधि बमोजिम भूकम्प पीडितहरूको निजी आवास निर्माण कर्जा प्रवाह गर्दा राष्ट्रिय पुनर्निर्माण प्राधिकरणले आवास निर्माण सम्पन्न गर्न २०७७ मंसिर मसान्तसम्म कर्जा लिइ सक्नु पर्नेछ।

(४) यस कार्यविधि बमोजिम प्रदान गरिने सहुलियतपूर्ण कर्जाका लागि ब्याज अनुदान प्राप्त गर्न ग्राह्य निवेदकलाई कुनै एक प्रकारको कर्जा मात्र उपलब्ध हुनेछ।

तर यो दफा भूकम्प पीडितहरुको निजी आवास निर्माण कर्जाको हकमा लागू हुने छैन ।

(५) यस कार्यविधि बमोजिम कर्जा लिने निवेदकले नेपाल सरकारले ब्याज अनुदान उपलब्ध प्रदान गर्ने प्रकृतिका अन्य कुनै पनि कर्जा लिएको हुनु हुँदैन।

तर यो दफा भूकम्प पीडितहरुको निजी आवास निर्माण कर्जाको हकमा लागू हुने छैन ।

परिच्छेद ५

**कर्जाका लागि आवश्यक कागजात, स्वःघोषणा तथा कर्जा निर्णय सम्बन्धी व्यवस्था**

११. **आवश्यक कागजात र स्वःघोषणा** : यस कार्यविधि बमोजिम बैङ्क तथा वित्तीय संस्थाले प्रवाह गर्ने कर्जा प्राप्त गर्न देहाय बमोजिमका कागजात पेश र स्वःघोषणा गर्नु पर्नेछः-

(क) सम्बन्धित बैङ्क तथा वित्तीय संस्थाको विधिवत् रुपमा भरिएको कर्जा आवेदन फाराम,

(ख) प्रचलित कानून बमोजिम दर्ता भएको व्यवसाय तथा स्थायी लेखा नं (PAN) प्रमाण पत्रको प्रतिलिपि,

तर भूकम्प पीडितहरुको निजी आवास निर्माण कर्जाको लागि स्थायी लेखा नं. (PAN) आवश्यक पर्ने छैन ।

(ग) नागरिकता प्रमाण पत्रको प्रतिलिपि,

(घ) उद्यम सञ्चालन तथा कर्जा उपयोग सम्बन्धी संक्षिप्त प्रस्ताव, महिला उद्यमशीलता कर्जा बाहेक दश लाख रुपैंया भन्दा बढीको कर्जाको हकमा विस्तृत परियोजना प्रस्ताव,

(ङ) कर्जा सूचना केन्द्रको कालोसूचीमा नपरेको स्वःघोषणा,

(च) सामूहिक जमानीको हकमा सामूहिक जमानी सम्बन्धी कागजात,

(छ) शिक्षित युवा स्वरोजगार कर्जाको हकमा शैक्षिक प्रमाण पत्रको सक्कल प्रति र दफा १०(१) को खण्ड (ख)(३) बमोजिम सिप विकास तालिम लिनु पर्ने व्यक्तिको हकमा सिप विकास तालिम लिएको प्रमाणपत्रको प्रतिलिपि,

(ज) वैदेशिक रोजगारीबाट फर्केका युवा परियोजना कर्जाको हकमा राहदानी, प्रवेशाज्ञाको प्रतिलिपि तथा श्रम स्वीकृति प्राप्त भएको देशबाट फर्केकाको हकमा सोको प्रतिलिपि, निवेदक विदेशमा गई कम्तीमा ६ महिना काम गरी फर्किएको र कुनै पनि देशको स्थायी बसोबासको स्वीकृति प्राप्त (PR/Green Card Holder) व्यक्ति नभएको स्व:घोषणा,

(झ) उच्च र प्राविधिक तथा व्यावसायिक शिक्षा कर्जाको हकमा आर्थिक रुपमा विपन्न, सीमान्तकृत समुदाय वा लक्षित वर्गको विद्यार्थी भएको सिफारिस र अध्ययन गर्ने शैक्षिक संस्था/प्रतिष्ठानमा भर्ना भएको वा हुन योग्य रहेको खुल्ने कागजातको प्रतिलिपि,

(ञ) भूकम्प पीडितहरूको निजी आवास निर्माण कर्जाका लागि राष्ट्रिय पुनर्निर्माण प्राधिकरणसँग सम्झौता गरी आर्थिक अभावका कारण हालसम्म आवास निर्माण कार्य शुरू गर्न नसकेका र निर्माण कार्य सम्पन्न गर्न नसकेका भूकम्प पीडितको कागजातको प्रतिलिपि र धितोको हकमा सो सम्बन्धी कागजात।

१२. **<u>कर्जा निर्णय सम्बन्धी व्यवस्था</u>:** (१) यस कार्यविधि बमोजिम अनुदान लिन चाहने व्यक्तिले आवश्यक पर्ने सम्पूर्ण कागजात सहित सम्बन्धित बैङ्क तथा वित्तीय संस्थामा निवेदन दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम निवेदन प्राप्त हुन आएमा आवश्यक सम्पूर्ण कागजात सहित कर्जा आवेदन प्राप्त भएको मितिले एक्काईस कार्य दिनभित्रमा सम्बन्धित बैङ्क तथा वित्तीय संस्थाले कर्जा स्वीकृत हुने वा नहुने सम्बन्धी निर्णय गरी सक्नु पर्नेछ।

(३) कर्जा प्रवाह गर्न नसकिने भएमा स्पष्ट आधार र कारण सहित सम्बन्धित निवेदकलाई लिखित जानकारी दिनु पर्नेछ।

## परिच्छेद ६

## ब्याज, बीमा प्रिमियम र सुरक्षण शुल्क अनुदान, शर्त तथा वितरण प्रक्रिया सम्बन्धी व्यवस्था

१३. **अनुदान सुविधा तथा शर्त सम्बन्धी व्यवस्थाः** (१) यस कार्यविधि बमोजिमका लक्षित ऋणीलाई बैङ्क तथा वित्तीय संस्थाहरुले प्रवाह गर्ने कर्जाको हकमा नेपाल सरकारबाट देहाय बमोजिमको अनुदान सुविधा उपलब्ध हुनेछः-

(क) बैङ्क तथा वित्तीय संस्थाले दिने कर्जामा निर्धारण गरेको ब्याजदर मध्ये ५ प्रतिशत ब्याजदर अनुदान सुविधा उपलब्ध हुनेछ। महिला उद्यमशीलता कर्जाको हकमा यो अनुदान ६ प्रतिशत उपलब्ध हुनेछ । तर पाँच करोड रुपैयाँ भन्दा बढीको व्यावसायिक कृषि तथा पशुपन्छी कर्जामा २ प्रतिशत मात्र ब्याजदर अनुदान उपलब्ध गराईनेछ ।

(ख) कर्जा सुरक्षण शुल्क अनुदानमा दश लाख रुपैयाँ भन्दा बढी व्यावसायिक कृषि तथा पशुपन्छी कर्जा बाहेक अन्य कर्जाहरूको बैङ्क तथा वित्तीय संस्थाहरूले निक्षेप

तथा कर्जा सुरक्षण कोष मार्फत सुरक्षण गराउँदा लाग्ने ५० प्रतिशत अनुदान उपलब्ध हुनेछ।

(ग) बीमा प्रिमियम अनुदान दश लाख रुपैयाँ भन्दा बढीको व्यावसायिक कृषि तथा पशुपन्छी कर्जा बाहेक अन्य कर्जा लिइ गरिने व्यवसायको बीमा प्रिमियममा ५० प्रतिशत अनुदान उपलब्ध हुनेछ।

(२) उपदफा (१) बमोजिमको ब्याज अनुदान सुविधा यो कार्यविधि लागू भएपछि कर्जा लिने ऋणीलाई मात्र उपलब्ध हुनेछ। व्यावसायिक कृषि तथा पशुपन्छी कर्जाको हकमा व्यावसायिक कृषि तथा पशुपन्छी कर्जामा प्रदान गरिने ब्याज अनुदान सम्बन्धी कार्यविधि, २०७३ बमोजिम प्रवाहित कर्जामा समेत यो सुविधा उपलब्ध गराइनेछ।

तर यस्तो सुविधा दोहोरो नपर्ने गरी प्रदान गराइनेछ ।

(३) ऋणीले पाउने ब्याज अनुदान सुविधा बाहेक अन्य सम्पूर्ण ब्याज रकम, सुरक्षण शुल्क र बीमा प्रिमियम सम्बन्धित बैङ्क तथा वित्तीय संस्था, निक्षेप तथा कर्जा सुरक्षण कोष र सम्बन्धित बीमा कम्पनीलाई भुक्तानी गरेपछि मात्र ब्याज अनुदान सुविधाका लागि योग्य मानिनेछ।

(४) जुन उद्देश्यको लागि कर्जा लिएको हो सोही उद्देश्यका लागि मात्र कर्जा उपयोग गर्नु पर्नेछ।

(५) सम्बन्धित बैङ्क तथा वित्तीय संस्थाले अनुगमन गर्दा कर्जा सदुपयोग भएको नपाइएमा ब्याज अनुदान सुविधा उपलब्ध नगराइने र ब्याज अनुदान सुविधा लिइ सकेको भए सम्बन्धित ऋणीबाट असूल उपर गरिनेछ।

१४. **<u>अनुदान रकमको वितरण प्रक्रिया</u>**ः (१) यस कार्यविधि बमोजिम अनुदान स्वरूप प्रदान गरिने ब्याज, कर्जा सुरक्षण शुल्क तथा बीमा प्रिमियम रकम उपलब्ध गराउने प्रयोजनको लागि नेपाल सरकारले नेपाल राष्ट्र बैङ्कबाट सञ्चालन हुने गरी बैङ्किङ् कार्यालयमा अनुदान सोधभर्ना नामको खाता खोल्नेछ।

(२) उपदफा (१) बमोजिमको खातामा नेपाल सरकार, अर्थ मन्त्रालयले एक अर्ब रुपैयाँ अग्रीम जम्मा गर्नेछ। उक्त रकमले अपुग हुने भएमा केन्द्रीय समन्वय तथा अनुगमन समितिको सिफारिसमा नेपाल सरकार, अर्थ मन्त्रालयले थप रकम उपलब्ध गराउनेछ।

(३) बैङ्क तथा वित्तीय संस्थाहरूले यस कार्यविधि बमोजिम प्रवाह गरेको कर्जाको ब्याज अनुदान प्राप्त गर्न कर्जा उपयोगको आधारमा ऋणीले नियमानुसार भुक्तानी गर्नुपर्ने कर्जा रकम भुक्तानी गरेको प्रमाण सहित त्रैमासिक रुपमा नेपाल राष्ट्र बैङ्कले तोकेको ढाँचामा उक्त बैङ्कमा निवेदन दिनु पर्नेछ।

(४) बीमा कम्पनीहरूले यस कार्यविधि बमोजिम प्रवाह गरिएको कर्जासँग सम्बन्धित व्यावसायिक बीमा प्रिमियम वापतको रकम अनुदानका लागि कागजात सहित त्रैमासिक रुपमा बीमा समितिले तोकेको ढाँचामा उक्त समितिमा निवेदन दिनु पर्नेछ र बीमा समितिले यसरी प्राप्त निवेदनको आवश्यक छानवीन गरी नेपाल राष्ट्र बैङ्कमा सोधभर्ना माग गर्नु पर्नेछ।

(५) निक्षेप तथा कर्जा सुरक्षण कोषले यस कार्यविधि बमोजिम प्रवाह गरिएको कर्जाको सुरक्षण सुनिश्चित गरी कर्जा सुरक्षण शुल्क वापतको रकम अनुदानका लागि कागजात सहित त्रैमासिक रूपमा नेपाल राष्ट्र बैङ्कमा सोधभर्ना माग गर्नु पर्नेछ।

(६) उपदफा (३), (४) र (५) बमोजिम प्राप्त निवेदन तथा मागका आधारमा नेपाल राष्ट्र बैङ्कले सम्बन्धित बैङ्क तथा वित्तीय संस्था, निक्षेप तथा कर्जा सुरक्षण कोष र बीमा समितिलाई ब्याज, सुरक्षण शुल्क र बीमा प्रिमियम वापत अनुदान रकमको सोधभर्ना अनुदान सोधभर्ना खाताबाट नेपाल राष्ट्र बैङ्कको कार्यालयहरूमा रहेका खाता मार्फत वा सम्बन्धित बैङ्क तथा वित्तीय संस्था, निक्षेप तथा कर्जा सुरक्षण कोष र बीमा समितिको माग अनुरूपको बैङ्क खाता मार्फत सोधभर्ना दिनु पर्नेछ।

(७) बीमा समितिले उपदफा (६) बमोजिम प्राप्त रकम सम्बन्धित बीमा कम्पनीको माग अनुरूपको बैङ्क खाता मार्फत सोधभर्ना दिनु पर्नेछ।

## परिच्छेद ७

## सहुलियतपूर्ण कर्जा प्रवाह तथा ब्याज अनुदान वितरणसँग सम्बन्धित निकायहरुको काम, कर्तव्य र अधिकार

१५. **बैङ्क तथा वित्तीय संस्थाको काम, कर्तव्य र अधिकार**ः यस कार्यविधिको कार्यान्वयन गर्नका लागि सम्बन्धित बैङ्क तथा वित्तीय संस्थाको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ-

(क) निवेदकले यस कार्यविधि बमोजिम कर्जाको लागि निवेदन दिएमा सम्बन्धित बैङ्क तथा वित्तीय संस्थाले कर्जाको प्रकार, उद्देश्य, माग रकम, जोखिमको स्तर, सुरक्षण, बीमा लगायत परियोजनाको सम्भाव्यता तथा कर्जाको सदुपयोग हुने

आधारमा कर्जा प्रवाह गर्ने। कर्जा प्रवाह गर्न नसकिने भएमा स्पष्ट आधार र कारण सहित सम्बन्धित निवेदकलाई लिखित जानकारी दिने,

(ख) कर्जामा ब्याज अनुदान रकम प्राप्त गर्नका लागि नेपाल राष्ट्र बैङ्कले तोकेको ढाँचामा ऋणीले अनुदान पाउने ब्याज रकम बाहेक अरू ब्याज रकम असूल गरेको प्रमाणसहित नेपाल राष्ट्र बैङ्कसँग सोधभर्ना माग गर्ने,

(ग) खण्ड (क) बमोजिम ब्याज अनुदान प्राप्त हुने गरी प्रदान गरिएको कर्जाको मासिक विवरण नेपाल राष्ट्र बैङ्कले तोकेको ढाँचामा ७ दिनभित्र नेपाल राष्ट्र बैङ्कलाई उपलब्ध गराउने,

(घ) कर्जाको प्रकार, उद्देश्य, लगानी रकम, जोखिमको स्तर एवम् आवश्यकतानुसार सदुपयोगिता निरीक्षण गरी सोको अभिलेख अद्यावधिक गरी राख्ने।

१६. **बीमा कम्पनीको काम, कर्तव्य र अधिकार**: यस कार्यविधिको कार्यान्वयन गर्ने सिलसिलामा सम्बन्धित बीमा कम्पनीको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ-

(क) यस कार्यविधि बमोजिम प्रवाह हुने वा भएको दश लाख रुपैयाँ भन्दा बढीको व्यावसायिक कृषि तथा पशुपन्छी कर्जा बाहेक अन्य कर्जाको हकमा व्यावसायिक बीमाका लागि निवेदन प्राप्त भएमा व्यवसायको प्रकृति, कर्जाको प्रकार, उद्देश्य, रकम तथा जोखिमको स्तर लगायतका आधारमा संक्षिप्त प्रक्रिया अवलम्बन गरी व्यवसायीसँग ५० प्रतिशत मात्र बीमा प्रिमियम लिइ बीमा गर्ने,

(ख) नेपाल सरकारले उपलब्ध गराउने ५० प्रतिशत बीमा प्रिमियम वापतको रकम अनुदान स्वरुप प्राप्त गर्नका लागि बीमा समितिसँग सोधभर्ना माग गर्ने,

(ग) यस कार्यविधि बमोजिम बीमा गरिएको व्यवसायमा क्षति भई सोको क्षतिपूर्तिका लागि दावी पर्न आएमा संक्षिप्त प्रक्रिया अवलम्बन गरी व्यवसायीलाई क्षतिपूर्ति उपलब्ध गराउने।

१७. **<u>निक्षेप तथा कर्जा सुरक्षण कोषको काम, कर्तव्य र अधिकार</u>**ः यस कार्यविधिको कार्यान्वयन गर्नका लागि निक्षेप तथा कर्जा सुरक्षण कोषको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ-

(क) यस कार्यविधि बमोजिम प्रवाह हुने वा भएको दश लाख रुपैयाँ भन्दा बढीको व्यावसायिक कृषि तथा पशुपन्छी कर्जा बाहेक अन्य कर्जाको सुरक्षणका लागि निवेदन प्राप्त भएमा कर्जाको प्रकार, उद्देश्य, रकम तथा जोखिमको स्तर लगायतका आधारमा संक्षिप्त प्रक्रिया अवलम्बन गरी सम्बन्धित बैङ्क तथा वित्तीय संस्थासँग ५० प्रतिशत मात्र सुरक्षण शुल्क लिइ सुरक्षण गर्ने,

(ख) नेपाल सरकारले उपलब्ध गराउने ५० प्रतिशत सुरक्षण शुल्क वापतको रकम अनुदान स्वरुप प्राप्त गर्न नेपाल राष्ट्र बैङ्कसँग सोधभर्ना माग गर्ने,

(ग) यस कार्यविधि बमोजिम प्रवाह भएको कर्जा दफा ४ बमोजिमको अवधि समाप्त भएको छ महिना भित्र ऋणीले चुक्ता नगरेमा दफा २२ बमोजिमको कारबाही प्रक्रिया पूरा गरी सम्बन्धित बैङ्क तथा वित्तीय संस्थाले कोषमा दावी गरेमा नियमानुसार भुक्तानी गर्ने,

(घ) यस कार्यविधि बमोजिम प्रवाह भएको कर्जाको सुरक्षण शुल्क तथा सुरक्षण दावी भुक्तानीको अद्यावधिक अभिलेख राखी सोको विवरण केन्द्रीय समन्वय तथा अनुगमन समितिमा पठाउने।

१८. **<u>बीमा समितिको काम, कर्तव्य र अधिकार</u>**ः यस कार्यविधिको कार्यान्वयन गर्नका लागि बीमा समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ-

(क) सम्बन्धित बीमा कम्पनीले यस कार्यविधि बमोजिम प्रवाह हुने वा भएको दश लाख रुपैयाँ भन्दा बढीको व्यावसायिक कृषि तथा पशुपन्छी कर्जा बाहेक अन्य कर्जाको व्यावसायिक बीमा गरे वापतको बीमा प्रिमियम माग गरेमा नेपाल राष्ट्र बैङ्कमा रहेको अनुदान सोधभर्ना खाताबाट निकासा लिइ सम्बन्धित बीमा कम्पनीलाई सोधभर्ना रकम उपलब्ध गराउने,

(ख) खण्ड (क) बमोजिम बैङ्क तथा वित्तीय संस्थालाई सोधभर्ना उपलब्ध गराइएको रकमको त्रैमासिक विवरण केन्द्रीय समन्वय तथा अनुगमन समितिलाई उपलब्ध गराउने,

(ग) बीमा गरिएको व्यवसायमा क्षति भई सोको क्षतिपूर्तिका लागि दावी प्राप्त भएमा सम्बन्धित बीमा कम्पनी मार्फत संक्षिप्त प्रक्रिया अवलम्बन गरी व्यवसायीलाई क्षतिपूर्ति उपलब्ध गराउन आवश्यक व्यवस्था मिलाउने,

(घ) यस कार्यविधिको कार्यान्वयन गर्नका लागि सम्बन्धित बीमा कम्पनीहरुको आवश्यक नियमन, अनुगमन, निरीक्षण तथा सुपरिवेक्षण गर्ने।

१९. **नेपाल राष्ट्र बैङ्कको काम, कर्तव्य र अधिकार**ः यस कार्यविधिको कार्यान्वयन गर्ने सन्दर्भमा नेपाल राष्ट्र बैङ्कको काम, कर्तब्य र अधिकार देहाय बमोजिम हुनेछ-

(क) बैङ्क तथा वित्तीय संस्था, बीमा समिति, निक्षेप तथा कर्जा सुरक्षण कोषबाट कर्जामा प्रदान गरिने अनुदान रकम माग भइ आएमा अनुदान सोधभर्ना खाताबाट नियमानुसार सोधभर्ना रकम उपलब्ध गराउने,

(ख) यो कार्यविधि बमोजिम क्षेत्रगत तथा बिषयगत कर्जा तथा ब्याज अनुदानको विवरण अर्थ मन्त्रालयलाई मासिक रूपमा उपलब्ध गराउने,

(ग) यो कार्यविधिको प्रभावकारी रूपले कार्यान्वयन गर्नका लागि सम्बन्धित बैङ्क तथा वित्तीय संस्थाको आवश्यक अनुगमन, नियमन, निरीक्षण तथा सुपरिवेक्षण गर्ने,

(घ) कर्जा सदुपयोग भएको नपाईएमा नेपाल राष्ट्र बैङ्क ऐन, २०५८ बमोजिम कारबाही गरी अनुदान वापतको रकम बैङ्क तथा वित्तीय संस्थालाई भुक्तानी सोधभर्ना नदिने।

(ङ) बैङ्कहरुले आफ्नो कारोबारको निश्चित प्रतिशत वा निश्चित संख्यामा यस्तो ग्राहक पुऱ्याउने लक्ष्य नेपाल राष्ट्र बैङ्कले तोकी त्यसको अनुगमन गर्नेछ।

परिच्छेद ७क

## केन्द्रीय निर्देशन समिति

**(१९क) केन्द्रीय निर्देशन समितिको गठन :-** (१) यस कार्यविधिको कार्यान्वयनका सम्बन्धमा सहजीकरण, समन्वय, अनुगमन एवम् निर्देशन दिन देहाय बमोजिम केन्द्रीय निर्देशन समिति रहने छ ।

(क) सचिव, अर्थ मन्त्रालय - संयोजक

(ख) डेपुटी गभर्नर (नेपाल राष्ट्र बैङ्कले तोकेको) -सदस्य

(ग) सह सचिव, कृषि तथा पशुपन्छी विकास मन्त्रालय - सदस्य

(घ) अध्यक्ष, बीमा समिति -सदस्य

(ङ) प्रमुख कार्यकारी अधिकृत,
निक्षेप तथा कर्जा सुरक्षण कोष -सदस्य

(च) सह सचिव, अर्थ मन्त्रालय -सदस्य सचिव

(सम्बन्धित महाशाखा)

(२) समितिले छलफल तथा निर्णयका लागि विषय वस्तुका आधारमा बिषय विज्ञलाई बैठकमा आमन्त्रित गर्न सक्नेछ ।

(३) समितिको बैठक भत्ता तथा खाजा खर्च अर्थ मन्त्रालयबाट प्रकाशित कार्य सञ्चालन निर्देशिका बमोजिम हुनेछ ।

(४) समितिको बैठक आवश्यकतानुसार बस्नेछ र आफ्नो कार्यविधि आफैं तय गर्नेछ ।

**(१९.ख) केन्द्रीय निर्देशन समितिको काम, कर्तव्य र अधिकार** :- केन्द्रीय निर्देशन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(क) यस कार्यविधिको कार्यान्वयनका लागि नेपाल सरकारका अन्तर निकाय बीच समन्वय गर्ने,

(ख) यस कार्यविधि कार्यान्वयन गर्दा देखापर्ने बाधा फुकाउन कार्यविधिको व्याख्या गरी केन्द्रीय समन्वय तथा अनुगमन समितिलाई निर्देशन दिने ।

(ग) कार्यविधिमा भएका व्यवस्थाहरु परिमार्जन गर्नु परेमा अर्थ मन्त्रालय समक्ष सिफारिश गर्ने,

(घ) यस कार्यविधिको कार्यान्वयनको अवस्थाको बारेमा अनुगमन गर्ने वा गर्न निर्देशन दिने ।

परिच्छेद ८

## समन्वय तथा अनुगमन समिति

२०. **केन्द्रीय समन्वय तथा अनुगमन समितिको गठनः** (१) यस कार्यविधिको कार्यान्वयन गर्नका लागि केन्द्रीयस्तरमा समन्वय तथा अनुगमन गर्न देहाय बमोजिमको केन्द्रीय समन्वय तथा अनुगमन समिति रहनेछ-

(क) डेपुटी गभर्नर, नेपाल राष्ट्र बैङ्क - संयोजक

(बैङ्क तथा वित्तीय संस्था नियमन विभाग हेर्ने)

(ख) कार्यकारी निर्देशक, नेपाल राष्ट्र बैङ्क - सदस्य

(बैङ्क तथा वित्तीय संस्था नियमन विभाग)

(ग) सह-सचिव, अर्थ मन्त्रालय - सदस्य

(वित्तीय क्षेत्र व्यवस्थापन तथा संस्थान समन्वय महाशाखा)

(ग१) सह-सचिव, कृषि तथा पशुपन्छी विकास मन्त्रालय - सदस्य

(घ) प्रमुख कार्यकारी अधिकृत, निक्षेप तथा कर्जा सुरक्षण कोष - सदस्य

(ङ) कार्यकारी निर्देशक, बीमा समिति - सदस्य

(च) अध्यक्ष, नेपाल बैङ्कर्स एशोसिएसन - सदस्य

(छ) निर्देशक, नेपाल राष्ट्र बैङ्क - सदस्य सचिव

(बैङ्क तथा वित्तीय संस्था नियमन विभाग)

(२) समितिले छलफल एवम् निर्णयका लागि प्रस्ताव भएका विषयवस्तुहरुको आधारमा नेपाल सरकारका पदाधिकारी र बढीमा दुईजना विषय-विज्ञलाई बैठकमा आमन्त्रित गर्न सक्नेछ।

(३) समितिको सचिवालय नेपाल राष्ट्र बैङ्क, बैङ्क तथा वित्तीय संस्था नियमन विभागमा रहनेछ। सचिवालयले समितिले तोकेका कार्यहरू गर्नेछ।

(४) समितिको बैठक आवश्यकतानुसार बस्नेछ।

२१. **केन्द्रीय समन्वय तथा अनुगमन समितिको काम, कर्तव्य र अधिकार**ः केन्द्रीय समन्वय तथा अनुगमन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) यस कार्यविधिको कार्यान्वयन गर्नका लागि आवश्यक समन्वय तथा अनुगमन गर्ने,

(ख) कर्जा प्रवाह गर्ने सम्बन्धित बैङ्क तथा वित्तीय संस्थाको निरीक्षण गर्ने गराउने,

(ग) यस कार्यविधिको कार्यान्वयनमा कुनै बाधा अडकाउ उत्पन्न भएमा बाधा अडकाउ फुकाउन सिफारिस गर्ने,

(घ) कार्यविधि तथा अनुसूचीको व्याख्या गर्ने तथा

(ङ) कार्यविधिमा भएका व्यवस्थाहरूमा हेरफेर गर्नु परेमा पुनरावलोकनका लागि नेपाल सरकार, अर्थ मन्त्रालय समक्ष सिफारिस गर्ने।

(च) केन्द्रीय निर्देशन समितिले दिएका निर्देशनहरु कार्यान्वयन गर्ने गराउने ।

परिच्छेद ९

## कारबाही सम्बन्धी व्यवस्था

२२. **कर्जा चुक्ता नगरेमा हुने कारबाहीः** (१) ऋणीले दफा ४ बमोजिम कर्जा चुक्ता नगरेमा सम्बन्धित बैङ्क तथा वित्तीय संस्थाले देहाय बमोजिमको कारबाहीका लागि सम्बन्धित निकायमा सिफारिस गर्न सक्नेछः-

(क) ऋणीलाई कर्जा सूचना केन्द्रको कालोसूचीमा राख्न,

(ख) ऋणीको राहदानी रोक्का राख्न,

(ग) ऋणीको नाममा रहेको कुनै चल अचल सम्पति बिक्री गर्न बन्देज लगाउनका लागि सम्बन्धित निकायमा लेखी पठाउन,

(घ) ऋणीको बैङ्क तथा वित्तीय संस्थाहरुमा रहेको खाता रोक्का गर्न,

(ङ) नेपाल सरकारबाट उपलब्ध गराउने सामाजिक सुरक्षा भत्ता लगायतका अन्य नागरिक सुविधाबाट वञ्चित गर्न।

(२) कर्जा प्रवाह गर्ने बैङ्क तथा वित्तीय संस्थाले यस्ता सुविधा रोक्का गर्न अनुरोध गरेमा सम्बन्धित निकायले त्यस्ता ऋणीको सुविधा रोक्का राख्नु पर्नेछ।

परिच्छेद १०

## विविध

२३. **कर्जा वर्गीकरण तथा जोखिम सम्बन्धी अन्य व्यवस्थाः** (१) यस कार्यविधि बमोजिम अनुदान प्राप्त गर्ने कर्जाहरूको वर्गीकरण नेपाल राष्ट्र बैङ्कले बैङ्क तथा वित्तीय संस्थालाई जारी गरेको एकीकृत निर्देशन बमोजिम हुनेछ।

(२) यस कार्यविधिमा उल्लेख गरिएका विषय बाहेक अन्य विषयमा प्रचलित कानून, नेपाल राष्ट्र बैङ्क, बीमा समिति तथा निक्षेप तथा कर्जा सुरक्षण कोषको नियमन र निर्देशनको परिधि भित्र रही यस्तो कर्जाको लगानी, अनुगमन, सुरक्षण, बीमा तथा असुली सम्बन्धमा सम्बन्धित बैङ्क तथा वित्तीय संस्था एवम् बीमकले स्पष्ट नीति र प्रक्रिया बनाइ लागू गर्न सक्नेछ।

(३) यस कार्यविधि बमोजिम प्रवाह हुने वा भएको दश लाख रुपैयाँ भन्दा माथिको व्यावसायिक कृषि तथा पशुपन्छी कर्जा बाहेक अन्य कर्जालाई नेपाल राष्ट्र बैङ्कबाट विपन्न वर्ग कर्जा अन्तर्गत गणना गर्ने व्यवस्था मिलाइनेछ ।

(४) सामूहिक जमानीमा मात्र प्रवाह भएको कर्जाको हकमा अतिरिक्त जोखिम व्यवस्था गर्नु पर्ने छैन।

(५) ऋणीले सावाँ ब्याज नियमित गरेको अवस्थामा सम्बन्धित बैङ्क तथा वित्तीय संस्थाले नेपाल सरकारबाट पाउनु पर्ने ब्याज अनुदान रकम समेत सोही अवधिको ब्याज आम्दानीमा गणना गर्न सक्नेछ।

(६) नेपाल सरकारबाट पाउनुपर्ने ब्याज अनुदान वापतको यस्तो रकमलाई पूँजी कोष अनुपात गणना प्रयोजनका लागि सरकार माथिको दावी सरह शून्य प्रतिशत जोखिम भार प्रदान गर्न सक्नेछ।

२४. **गुनासो सम्बन्धी व्यवस्थाः** यस कार्यविधिको कार्यान्वयनका सन्दर्भमा सम्बन्धित बैङ्क तथा वित्तीय संस्था, बीमा कम्पनी लगायत यससँग सम्बन्धित निकायहरुले कर्जा प्रवाह नगरेको, ऋणीले सेवा सुविधा नपाएको तथा ऋणको सदुपयोग नभएको लगायतका यससँग सम्बन्धित गुनासो सुन्ने तथा सोका आधारमा आवश्यक काम कारबाही अगाडि बढाउने कार्य केन्द्रीय समन्वय तथा अनुगमन समितिको सचिवालयले गर्नेछ।

२५. **प्रचलित कानून बमोजिम हुने:** यस कार्यविधिमा उल्लेख भएका कुराहरुको हकमा यसै बमोजिम र अन्य कुराहरुको हकमा प्रचलित व्यवस्था बमोजिम हुनेछ।

२६. **फाराम तथा ढाँचा सम्बन्धी व्यवस्था:** यस कार्यविधि बमोजिम सहुलियतपूर्ण कर्जा तथा ब्याज अनुदान प्रदान गर्दा प्रयोग हुने अन्य सरलीकृत फाराम तथा ढाँचा नेपाल राष्ट्र बैङ्कले तोके बमोजिम हुनेछ।

२६क. <u>कर्जाको लागि योग्य नहुने:</u> (१) आपसी सम्बन्ध भएको ऋणीको समूहभित्रको कुनै एक व्यक्ति, फर्म, संस्था वा कम्पनीले सहुलियतपूर्ण कर्जा (भूकम्प पीडित बाहेक) लिए पश्चात समूहभित्रको अन्य व्यक्ति, फर्म, संस्था वा कम्पनी सहुलियतपूर्ण कर्जाका लागि योग्य हुने छैन।

(२) नेपाल सरकार, प्रदेश वा स्थानीय तहबाट कुनैपनि किसिमको अनुदान तथा आर्थिक सुविधा प्राप्त गरेको व्यक्ति वा संस्थाले यस्तो कर्जा प्राप्त गर्न सक्ने छैन।

२७. **<u>संशोधन तथा हेरफेरः</u>** (१) अर्थ मन्त्रालयको सिफारिसमा नेपाल सरकारले यस कार्यविधिमा आवश्यकतानुसार संशोधन एवम् हेरफेर गर्न सक्नेछ।

(२) यस कार्यविधिका अनुसूची केन्द्रीय समन्वय तथा अनुगमन समितिको सिफारिसमा अर्थ मन्त्रालयले संशोधन एवम् हेरफेर गर्न सक्नेछ।

२८. **<u>खारेजी तथा बचाऊः</u>** (१) नेपाल सरकार, अर्थ मन्त्रालयबाट जारी गरिएको "व्यावसायिक कृषि तथा पशुपन्छी कर्जामा प्रदान गरिने ब्याज अनुदान सम्बन्धी कार्यविधि, २०७३" र "भूकम्प पीडितहरुको घर निर्माणका लागि सामुहिक वा धितो जमानीमा निर्ब्याजी ऋण उपलब्ध गराउने कार्यविधि, २०७४" खारेज गरिएको छ।

(२) उपदफा (१) बमोजिम खारेज गरिएका कार्यविधि बमोजिम भए गरेका काम कारबाही यसै कार्यविधि बमोजिम भए गरेको मानिनेछ।

## अनुसूची १

(दफा २ सँग सम्बन्धित)

**(क) <u>व्यावसायिक कृषि तथा पशुपन्छी कर्जाः</u>**

१. तरकारी उत्पादन, प्रशोधन, भण्डारण,

२. बीउ बिजन उत्पादन, प्रशोधन, भण्डारण,

३. वनजन्य व्यवसाय, पुष्प व्यवसाय तथा वागवानी,

४. पशुपन्छीपालन,

५. अष्ट्रिच, टर्की र हाँसपालन, सोको मासु एवम् अण्डाको भण्डारण, प्रशोधन,

६. फलफूल उत्पादन, उत्पादित फलफूलको प्रशोधन, भण्डारण,

७. दुग्ध उत्पादन, प्रशोधन,

८. मत्स्यपालन, उत्पादित माछाको भण्डारण,

९. च्याउ उत्पादन, प्रशोधन, भण्डारण,

१०. पशु वधशाला, मासुजन्य उत्पादन, सोको भण्डारण, प्रशोधन,

११. जडिवुटी उत्पादन, प्रशोधन, भण्डारण,

१२. उखु, कफी, चिया, अलैंची, अदुवा, बेसार, जैतुन, सूर्यमुखी, अल्लो, लोक्ता खेती तथा यिनीहरुको भण्डारण, प्रशोधन,

१३. मौरी पालन व्यवसाय,

१४. जौ, फापर, सिलामको उत्पादन, प्रशोधन,

१५. प्राङ्गारिक तथा जैविक मल,

१६. पशुपन्छीजन्य दाना उद्योग,

१७. कपास, ऊन, रेसम खेती/उत्पादन, प्रशोधन,

१८. भेडा, च्याङ्ग्रा र चौरी लगायतबाट ऊनको उत्पादन, प्रशोधन,

१९. नेपाल सरकारले समय समयमा थप गरेका अन्य कृषि तथा पशुपन्छीजन्य व्यवसायहरू,

२०. कृषि औजार, उपकरण वा संयन्त्रको उत्पादन,

२१. कृषि चुन उद्योग,

२२. वागवानी नर्सरी स्थापना तथा विकास, टिस्यू कल्चर प्रविधिबाट बीउ तथा विरुवा उत्पादन गर्ने व्यवसाय,

२३. हाई-टेक ग्रीन हाउस स्थापना र ग्रीन हाउसभित्र उत्पादन गरिने बालीहरुको उत्पादन, प्रशोधन र भण्डारण,

२४. शीत भण्डारण स्थापना तथा सञ्चालन,

२५. व्यावसायिक घाँस खेती उत्पादन तथा प्रशोधन,

२६. घाँसबाट हे तथा साइलेज उत्पादन व्यवसाय,

२७. अर्गानिक कृषि उत्पादन, प्रशोधन, भण्डारण तथा निर्यात,

२८. पुरानो सेलर तथा हलर मिललाई प्रतिस्थापन गरी आधुनिक सेलर मिल स्थापना,

२९. धान, गहुँ, मकै, जौ, फापर, सिलामको उत्पादन, भण्डारण र प्रशोधन,

३०. उखु, कफी, चिया, अलैंची, अदुवा, बेसार, जैतुन, सूर्यमुखी, तेलहन, दलहन, आलु, अल्लो, लोक्ता खेती तथा यिनको भण्डारण र प्रशोधन,

३१. चैतेधान खेती हुने क्षेत्रमा मिल सञ्चालन गरेको व्यवसायीलाई ड्राइङ गर्ने व्यवसाय सञ्चालन,

३२. कुखुरापालन. ह्याचरी व्यवसाय।

तर यस खण्डमा उल्लिखित व्यवसायहरु उत्पादनदेखि प्रशोधनसम्मको कार्यमा संलग्न भएको हुनुपर्नेछ ।

**(ख) <u>शिक्षित युवा स्वरोजगार कर्जा, (ग) वैदेशिक रोजगारीबाट फर्केका युवा परियोजना कर्जा र (घ) महिला उद्यमशीलता कर्जाः</u>**

खण्ड (ख), (ग), (घ) बमोजिमका कर्जा देहायका व्यवसाय तथा उद्यमहरूको लागि प्रवाह हुनेछ।

**(१) कृषि व्यवसाय (**उत्पादन, प्रशोधन, भण्डारण)

**(क) <u>खाद्यान्न, नगदे बाली, तरकारी, फलफूल तथा जडीबुटीः</u>**

- धान, गहुँ, मकै, कोदो, जौ, तोरी, सर्स्यूं, केराउ, चना, भटमास आदि ।
- चिया, अलैंची, सूठो, सुपारी, नरिवल, कपास, अल्लो, अम्रिसो, बाबियो, उखु, रबर, अदुवा, बेसार, सूर्यमुखी, मरीच जस्ता मसला आदि ।
- लसुन, प्याज, आलु, काउली, बन्दा, परवल, कुरिलो, भण्टा, चम्सुर, पालुङ्गो, रायो, ब्रोकाउली, गोलभेंडा, च्याउ, बोडी, सिमी, फर्सी, गाजर, मुला, खोर्सानी, पिंडालु, इसकुस, धनियाँ, तरुल, घिरौंला आदि ।
- आँप, सुन्तला, स्याउ, अनार, दारिम, अम्बा, कागती, निबुवा, भोगटे, ज्यामीर, लप्सी, लिची, कटहर, भूइँकटहर, अङ्गुर, हलुवाबेद, मेवा, केरा, खुर्पानी, वयर, सतीवयर, अमला, विभिन्न किसिमका फूल खेती, (टिस्यूकल्चर, बीउ तथा बेर्ना उत्पादन समेत) आदि ।

- नेपाल सरकारको सम्बन्धित निकाय वा जडीबुटी उत्पादन वा प्रशोधन कम्पनीले तोकेका सबै किसिमका जडीबुटी उत्पादन (प्रचलित कानूनले बन्देज लगाएका बाहेक) आदि ।

**(ख) <u>पशुपन्छी पालनः</u>**

- गाई, गोरु, भैंसी, राँगो, बङ्गुर, सुँगुर, खरायो, चौरी, याक, नाक, भेडा, बाख्रा, थुमा, खसी, बाच्छा-बाच्छी, पाडा-पाडी, घोडा, गधा, खच्चर र आर्थिक उपार्जनका लागि पालिने अन्य पशुहरु ।
- कुखुरा, हाँस, परेवा, लौकाट, बट्टाई र आर्थिक उपार्जन गर्नका लागि पालिने अन्य पन्छीहरु ।
- व्यावसायिकरुपले गरिएको मत्स्यपालन, मौरीपालन, रेशम किरा पालन आदि ।

**(ग) <u>सिंचाइ तथा सिंचाइ उपकरणः</u>**

- कृषि उत्पादन वृद्धि गर्न सघाउ पुऱ्याउने गरी कृषकहरुले एक्लै वा सामूहिकरुपमा निर्माण गर्ने कुलो, नहर, नल, हातेनल, क्याप्टिभ जेनरेटर, स्प्रिंकलर, पम्पसेट, रोअर पम्प आदि ।

**(घ) <u>कृषि औजार वा संयन्त्रः</u>**

- थ्रेसर, ग्रिंडर, आधुनिक हलो, कुटो, कोदालो, कोदाली, हँसिया, खुर्पा, खन्ती, ट्याक्टर, ट्रेलर आदि ।

**(ङ). <u>वन विकास तथा चरन विकासः</u>**

- नर्सरी स्थापना र विकास, निजी एवम् सामुदायिक वृक्षारोपण, वन विकासका लागि प्रयोग हुने मलखाद, कृषि वन प्रणालीको विकास र विस्तार, चरन विकास आदि।

(च) **जग्गा विकास र भू-संरक्षणः**

- जमीन सुधार, तार-बार, जाली, पर्खाल आदि ।

(छ) **प्रचलित कानूनले बन्देज गरिएका बाहेकका अन्य कृषि उत्पादनहरु तथा कृषिजन्य व्यवसायहरु।**

**(२) उद्योग व्यवसायः**

हाते एवम् खुट्टे तान, अर्धस्वचालित तान, वार्पिङ्ग, रङ्गाइ, छपाइ, सिलाइ, बुनाइ, राडी, पाखी, ऊनी गलैंचा, पश्मिना, ऊनी पोशाक, सिकर्मी कार्य, काठबाट कलात्मक वस्तु निर्माण गर्ने कार्य, बेत, बाँस र निगालोका सामान तयार गर्ने कार्य, प्राकृतिक रेशाबाट विभिन्न वस्तुहरुको निर्माण कार्य, हाते कागज उत्पादन, सुन, चाँदी, तामा, पित्तल, फलाम जस्ता धातुहरुको कार्य, गहना एवम् मुर्ति बनाउने कार्य, मह, च्यूरी, अलैंची एवम् चिया प्रशोधन कार्य, सेरामिक्स एवम् कुमालेको पेशागत कार्य, छाला सम्बन्धी पेशागत कार्य र टयानिङ्ग छाला, हाड, सिङ्ग तथा ढुङ्गाबाट तयार हुने वस्तुहरुको उत्पादन, चित्रकला, कागजबाट बनेका सामान, धुप, पुतली, खेलौना, जुत्ता चप्पल उत्पादन र प्रचलित औद्योगिक व्यवसाय ऐनले परम्परागत घरेलु उद्योग भनी परिभाषा गरेका सम्पूर्ण उद्योगहरु

(३) **सेवा व्यवसायः**

**(क)** **स्वास्थ्य सम्बन्धी सेवा व्यवसायहरुः** स्वास्थ्य परीक्षण प्रयोगशाला, प्राकृतिक तथा आयुर्वेद चिकित्सा केन्द्र आदि सञ्चालन, शिशु स्याहार केन्द्र, औषधी पसल ।

**(ख)** **पशुपन्छी सम्बन्धी चिकित्सा व्यवसायहरुः** पशु चिकित्सा सम्बन्धी स्वास्थ्य परीक्षण तथा औषधी पसल, पशु आहारा खरिद बिक्री आदि ।

**(ग)** **कृषि एवम् औद्योगिक उत्पादन वृद्धिमा सघाउ पुऱ्याउने सेवा व्यवसायहरुः** कृषि सामाग्री, बेचबिखन, कृषि उपज बेचबिखन, औद्योगिक कच्चा पदार्थको खरिद बिक्री आदि।

**(घ)** **सिप एवम् स्वरोजगारमूलक व्यवसायहरूः** फोटोकपी, कम्प्यूटर सञ्चालन, मर्मतशाला (टेम्पो, बस, मिनीबस, माइक्रोबस, ट्रक, मिनीट्रक, डेलिभरी भ्यान, कार, जीप, रिक्सा, रेडियो, फोटोकपी, कम्प्यूटर, टि.भी., टेलिफोन, घडी आदि), सिलाइ, बुनाइ, केश श्रृङ्गार, सिकर्मी, डकर्मीको सेवा, दैनिक उपभोगका सामान खरिद बिक्री, पुस्तक, स्टेशनरी एवम् अन्य शैक्षिक सामग्रीको खरिद बिक्री, चिया तथा चमेना पसल, घरजग्गाको नक्सा तयार गर्ने, मूल्याङ्कन गर्ने, कानूनी सेवा, अनुसन्धान, परामर्श, खानेपानी वितरण र सरसफाइसँग सम्बद्ध व्यवसायहरु नेपाली तथा राष्ट्रिय भाषामा चलचित्र निर्माण तथा प्रदर्शन, बाल-उद्यान, खेलकुद आदि ।

**(ङ)** **पर्यटन सम्बन्धी व्यवसायहरुः** होटेल, मोटेल, रेष्टुरेण्ट, ट्राभल एजेन्सी, ट्रेकिङ्ग, ऱ्याफ्टिङ आदि ।

**(च)** **सञ्चार सम्बन्धी व्यवसायहरुः** टेलिफोन, फ्याक्स, ई-मेल-इन्टरनेट, भिडियो कन्फरेन्सिङ्ग, टेलिकन्फरेन्सिङ्ग आदि ।

**(छ)** **यातायात सेवा सम्बन्धी सम्पूर्ण सवारी साधनहरु ।**

**(ज)** **प्रचलित औद्योगिक व्यवसाय सम्बन्धी कानूनले तोकेका अन्य सेवामूलक व्यवसायहरु।**

**(४) अन्य व्यवसायः**

- **मूल्य अभिबृद्धि हुने व्यवसाय** जस्तै रेडियो, घडी, टेलिभिजन, कम्प्यूटर, आधुनिक बत्ती, टर्च, लाइटर, इम्ब्राइडरी, तयारी पोशाक आदि ।
- **सूचना प्रविधिः** कम्प्यूटर सफ्टवेयर एवम् हार्डवेयर सम्बन्धी व्यवसाय ।
- **विविध** : खुद्रा पसल, आवास निर्माण, सौर्य बत्ती, धारा वाथरुम तथा शौचालय निर्माण ।
- **प्रचलित कानूनले बन्देज लगाए बाहेकका अन्य व्यवसायहरु ।**

**(ङ) दलित समुदाय व्यवसाय विकास कर्जा:**

नेपाल सरकारले दलित समुदायलाई सामूहिक जमानीमा उपलब्ध गराउने सहुलियतपूर्ण कर्जाका लागि योग्य व्यवसायहरूः

१. परम्परागत बजाउने बाजा निर्माण तथा खरिद गर्न,

२. सिलाइ कटाइ, सिलाइ कटाइ तालिम सञ्चालन, सिलाइ मेशिन खरिद गर्न,

३. परम्परागत आय आर्जनका पेशाहरु,

४. फलाम, कोइला आदि वस्तु खरिद बिक्री गर्न, आरन बनाउन चाहिने सामाग्री खरिद तथा निर्माण गर्न, आरनको लागि यन्त्रशाला निर्माण गर्न,

५. जुत्ता बनाउनको लागि चाहिने कच्चा पदार्थ, प्रशोधित छाला, जुत्ता, चप्पल, ब्याग आदि बनाउन कच्चा पदार्थ खरिद एवम् प्रशोधन र उत्पादित वस्तुहरु बिक्री गर्न,

६. परम्परागत सुन चाँदीका गहना एवम् भाँडाकुँडा बनाउने पसल तथा सोसँग सम्बन्धित कालीगढी सेवा,

७. सरसफाइ पेशाको लागि चाहिने सामानहरु खरिद गर्न,

८. आफ्नो पुख्यौंली पेशालाई निरन्तरता दिनको लागि चाहिने कच्चा पदार्थ खरिद गर्न, वस्तु तथा सेवा बिक्री गर्न, ब्यवसायको लागि सामूहिक यन्त्रशाला निर्माण गर्न,

९. नेपाल सरकारले समय समयमा तोकेका अन्य पेशाहरु।

**(च) <u>उच्च र प्राविधिक तथा व्यावसायिक शिक्षा कर्जाः</u>**

आर्थिक रूपमा विपन्न, सीमान्तकृत समुदाय तथा लक्षित वर्गका विद्यार्थीहरूलाई उच्च र प्राविधिक तथा व्यावसायिक शिक्षा अध्ययनका लागि कर्जाका लागि योग्य क्षेत्रहरूः

१. नेपाल सरकारले तोकिदिएका विषयको उच्च शिक्षा,

२. स्वास्थ्यसँग सम्बन्धित विषयहरु एम.वि.वि.एस, आयुर्वेद चिकित्सा, वि.डि.एस, वि.पि.एच, फार्मेसी, नर्सिङ लगायतका स्नातक वा सो भन्दा माथिल्लो तहका विषयहरु,

३. इन्जिनियरिङसँग सम्बन्धित विषयहरु जस्तै सिभिल, इलेक्ट्रिकल, इलेक्ट्रोनिक्स, जियोमेट्रिक्स, मेकानिकल, कम्प्युटर आदिका स्नातक वा सो भन्दा माथिल्लो तहका विषयहरु,

४. पशु विज्ञानसँग सम्बन्धित स्नातक वा सो भन्दा माथिल्लो तहका विषयहरु,

५. कृषि विज्ञानसँग सम्बन्धित स्नातक वा सो भन्दा माथिल्लो तहका विषयहरु,

६. अन्य प्राविधिक विषयहरुसँग सम्बन्धित स्नातक वा सो भन्दा माथिल्लो तहका विषयहरु ।

**(छ)** खण्ड (क), (ख), (ग), (घ), (ङ) र (च) मा जुनसुकै कुरा लेखिएको भए तापनि यो कार्यविधि प्रारम्भ हुँदाका बखत कर्जा स्वीकृत भएका कर्जाको हकमा सो कर्जा स्वीकृत हुँदाको व्यवस्था बमोजिम हुनेछ ।